# आठबीस नगर कार्यपालिकाको कार्यालय

## राकम कर्णाली,दैलेख

## शिलबन्दी बोलपत्रआव्हानको सूचना

**( प्रथम पटक प्रकाशित मिति :- २०७६/११/१८)**

यस नगरकार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७६/०७७ का लागी तपसिल बमोजिमका खरिद कार्य शिलबन्दी बोलपत्रका माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त ईच्छुक आपुर्ति कर्ता / निर्माण व्यवसायी /फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी बोलपत्रआह्वान गरिन्छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र चालु आ.व. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ. कर दर्ता र आ.व. २०७५/०७६ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर ( फिर्ता नहुने गरी ) तिरी इच्छुक बोलपत्रपत्रदाताले यस कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. खरीद भएका बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजे भित्र शिलबन्दी लाहा छाप गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रपत्रहरु सोही दिनको २ : ०० बजे यस कार्यालयमा खोलिने छन् । साथै बोलपत्र खोल्ने समयमा निज वा निजको प्रतिनिधि नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

४. बोलपत्रका साथ जमानत बापतको तपसिल बमोजिमको रकम यस कार्यालयको नेपाल नेपाल इन्भेष्टमेन्ट बैक डाव शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ०६३०१४००२५००३० मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरीएको बैंक जमानी पत्र ( बिडबण्ड ) पेश गर्नु पर्नेछ ।

५. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्र उपर कारबाही हुने छैन ।

६. बोलपत्रदाताबाट बोलपत्रपत्रको उल्लेखित मूल्य परिमाण सूची ( BOQ ) मा प्रत्येक आइटमको मूल्य अभिबृद्धि कर बाहेकको दर रेट भरी नआएमा त्यस्तो बोलपत्र उपर कुनै कारवाही हुनेछैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

७. यस नगरपालिकाको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. तपसिलको कार्य यस कार्यालयले तोकेको समय भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।

९. बोलपत्रपेश गर्नु अघि बोलपत्रपत्रदाताले निर्माण स्थल तथा समुदायको बारेमा जानकारी एवं अध्ययन गर्नुपर्नेछ ।

१०. बोलपत्रका सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयबाट कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

११. यसमा उल्लेख नभएका बिषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**तपसिल :**

| ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान ( मु.अ. कर सहित ) | बोलपत्र जमानत रकम | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०८/२०७६/०७७ | जस्ता पाता खरिद (दलित तथा बिपन्न बस्ती खर छाना मुक्त अभियान) | रु.३५,००,००० ।- | रु. ८७,५००।- | रु. २,००० ।– | आयोजना स्थल – आ.न.पा. १ |
| ०९/२०७६/०७७ | जनज्योति मा.वि. बालमैत्री भवन निर्माण | रु. ३८,४०,००० ।- | रु. ९६,००० ।- | रु. २,००० ।– | आयोजना स्थल – आ.न.पा.: ४ |
| १०/२०७६/०७७ | एफ.एम. रेडियो स्थापना | रु. २४,९९,००० ।- | रु.६२,४७५ ।- | रु. २,००० ।– | आयोजना स्थल – आ.न.पा. ९ |

थप जानकारी एवं सूचनाको लागि : फोन ०८९६९०४७५, ई मेल aathabismun@gmail.com, वेवसाइट www.aathabismun.gov.np

**आठबीस नगरपालिका**
**दैलेख**